# गढवा गाउँपालिकामा हरियो वन कार्यक्रम

## गढवा गाउँपालिकाको परिचय




वि. सं. २०७३ फागुन १२ गते गाउँपालिका घोषणा भएको गढवा गाउँपालिकाको क्षेत्रफल ३५८.५६ वर्ग कि. मी. रहेको छ भने कुल जनसंख्या ३८,५९२ छ। साबिकका गोवरडिहा (१, २, ३, ४, ६, ७, ८ र ९), गंगापारसपुर (१, २, ३, ४, ५, ६, ७, ८ र ९), गढवा (१, २, ३, ४, ५, ६, ७, ८ र ९) र कोइलाबास (१ देखि ९) गा. वि. स. मिलेर बनेको गढवा गाउँपालिका कुल ८ वडामा विभाजित छ । समुद्र सतहबाट १९५ मिटर देखि ८८५ मिटर सम्म उचाइमा रहेको यस गाउँपालिकाको पूर्वी सिमानामा अर्घाखांची र कपिलबस्तु जिल्ला, पश्चिममा राजपुर गाँउपालिका, उत्तरमा लमही नगरपालिका र राप्ती गाँउपालिका तथा दक्षिणमा भारत रहेको छ। दाङ जिल्लामा अवस्थित यस गाउँपालिकाको अग्रणी व्यवसायहरुमा पर्यटन, कृषि र पशुपालन रहेका छन्। यस गाउँपालिकाको मुख्य बजार गढवा रहेको छ । मुख्य पर्यटकीय क्षेत्रमा सिद्ध वाघ नाथ बाबा धाम, ५५ झ्याले दरवार, कुलपानी मन्दिर, कुलपानी पिकनिक स्थल, शिव मन्दिर, चम्वोला ताल, ऊँ शान्ति उद्यान पार्क, चमेरो गुफा, कौराहा मन्दिर, जनशक्ति जाखेराताल, हंसेश्वर महादेब मन्दिर, श्री कोटिया मन्दिर, कन्दरामाई मन्दिर र जानकी मन्दिर रहेका छन्।

गढवा गाउँपालिकाको आ.व. ०७७।७८ को गाउँ सभाबाट नीति योजना तथा कार्यक्रम र बजेटले आफ्नो क्षेत्र भित्र स्वास्थ्य, कृषि, रोजगारी, शिक्षा, स्थानीय तहको कार्यान्वयन र संस्थागत विकास, रोजगारी र उत्पादनमा वृद्धि, वन वातावरण संरक्षण तथा सौन्दर्य प्रवर्द्धन, सामाजिक न्याय तथा लैङ्गिक मूलप्रवाहीकरण र सेवा प्रवाहमा क्षमता विकास जस्ता विषयहरुमा कार्यक्रमहरु लागु गरिरहेको छ। आमजनताको प्रत्यक्ष सहभागिताबाट योजना बनाई कार्यक्रमहरु लागु भएकाले सो कार्यक्रमहरुमा स्थानीय बासिन्दाहरुको अपनत्व रहेको छ भने हरियो वन कार्यक्रमले तिनै कार्ययोजनाहरुको सफल कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिरहेको छ।

## गढवा गाउँपालिकामा हरियो वन कार्यक्रमको भूमिका

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडि) को सहयोगमा सञ्चालित हरियो वन कार्यक्रमको उद्देश्य नेपाली समुदाय र जैविक विविधतालाई लाभ पुऱ्याउनु हो। हरियो वन कार्यक्रम डब्लुडब्लुएफ नेपालको नेतृत्वमा केएर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषसहित चारवटा संस्थाले संयुक्त रूपमा कार्यान्वयन गरिरहेका छन्। कार्यक्रमको पहिलो चरण सन् २०११ मा सुरु भएर सन् २०१६ मा अन्त्य भएको थियो। पहिलो चरणका उल्लेखनीय उपलब्धि र सिकाईहरूलाई अवलम्बन गर्दै कार्यक्रमको दोस्रो चरण सन् २०१६ देखि नै सुरु भई ५ वर्षसम्मका लागि सञ्चालन भइरहेको छ। यस कार्यक्रमले चितवन अन्नपूर्ण भू-परिधि र तराई भू-परिधिमा काम गर्छ। यसका दुई

कार्यक्षेत्र जैविक विविधता संरक्षण र जलवायु परिवर्तन अनुकूलन रहेका छन् । यी दुई कार्यक्षेत्रभित्र बजारमा आधारित जीविकोपार्जन, सुशासन र लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रम पर्दछन् ।

हरियो वन कार्यक्रमले यस क्षेत्रमा आफ्नो पहिलो चरणदेखि नै कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । आदिवासी जनजातिहरु, विपन्न वर्ग तथा पिछडिएका समुदायहरुको बसोबास भएको यस गाउँपालिकामा हरियो वन कार्यक्रमले जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि सवालहरुलाई सम्बोधन गर्नका लागि विभिन्न कृयाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । वन्यजन्तु चोरी-सिकारी, वन पैदावारको गैह्रकानुनी संकलन, अतिक्रमण, मानव-वन्यजन्तु द्वन्द्व, नदितटीय तथा अतिक्रमित वनक्षेत्रको पुनर्स्थापना, जलवायु परिवर्तन अनुकुलन योजना तयारी तथा कार्यान्वयन, लैङ्गिक असमानता तथा सामाजिक बञ्चितिकरण आदि विषयहरुका समाधान तथा न्यूनीकरणका लागि साथै जीविकोपार्जन सुधार र प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुमा सुशासन तथा समावेशीकरणका लागि गढवा गाउँपालिकामा कार्यान्वयन गरिएका विभिन्न कार्यक्रमहरुमध्ये केही मुख्य कार्यक्रमहरु निम्न रहेका छन्:

| सि.नं. | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | जैविक विविधता संरक्षण | | | | |
| १.१ | समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाई परिचालन | समूह | १६ | १६ वटा सामुदायिक वनहरु | गढवा गाउँपालिकामा रहेका १६ वटा सामुदायिक वनहरुमा ‘समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाईहरु गठन साथै परिचालनमा हरियो वन कार्यक्रमले सहयोग पुऱ्याएको छ । यी चोरीशिकार नियन्त्रण इकाईहरुमा १८५ स्वयंसेवी युवाहरु आबद्ध छन् जसमा ३४ जना महिलाहरु तथा १२ जना दलितहरु रहेका छन् । |
| १.२ | बजारमुखी जीविकोपार्जन: बजारमा आधारित वैकल्पिक जीविकोपार्जन विकास तथा प्रवर्द्धन | | | | |
| १.२.१ | साना उद्यम सञ्चालनमा सहयोग | घरधूरी | ६६ | ३ सामुदायिक वन | कुलपानी, मधपुर नसहवा तथा सृजना महिला सा.व.उ.स. मा माटोको भाँडा बनाउने, श–मिल, तरकारी खेती, सालको टपरी बनाउने |
| १.२.२ | आयआर्जन घुम्तीकोष | संख्या | ८ जना | ३ सामुदायिक वन | ज्योति, गंगा तथा चन्दनपुर सा.व.उ.स. मा रु १३५,००० को आयआर्जन घुम्तीकोष स्थापना |
| १.२.३ | सीपमुलक तालिम | संख्या | ३५ जना | १३ सामुदायिक वन | तालिम सञ्चालन पश्चात विद्यालयबाट बाहिरिएका एवं कुनै पनि किसिमको प्राविधिक शिक्षा तथा व्यावसायिक सीप नपाएका युवा तथा वयस्क जनशक्तिलाई जीवन निर्वाहका लागि आयआर्जन हुने कार्यमा संलग्न गराउन सकिएको |
| १.३ | बायोग्याँस | घरधूरी | २९५ | १२ सामुदायिक वन | पर्यावरण संरक्षणमा सहयोग पुग्नुका साथै लाभान्वित समुदायहरु ईन्धनका लागि वनमा आश्रित हुने क्रममा उल्लेख्य सुधार |
| १.४ | खुल्ला तथा हैसियत विग्रेका क्षेत्रमा वृक्षारोपण | हे. | ८१.४५ | १० सा.व.उ.स | ५३ कि.मि तारबार निर्माण तथा मर्मत गरी नदितटीय तथा वनक्षेत्रको पुनर्स्थापना गरिएको |
| १.५ | सुधारिएको चुलो निर्माण सहयोग | घरधूरी | २६१ | ८ सामुदायिक वन | |

| सि.नं. | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| २. | योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तन अनुकूलनको मूलप्रवाहीकरण | | | | |
| २.१ | कापा निर्माण र कार्यान्वयनमा सहयोग | संख्या | ६ | ६ सामुदायिक वन | कापा योजना माथिको छलफल, एकिकृत लापा क्रियाकलाप कार्यान्वयन, क्रियाकलाप कार्य प्रगति समिक्षा, फिल्ड स्तरीय अनुगमन तथा समिक्षा |
| ३ | सुशासन | | | | |
| ३.१ | प्राकृतिक श्रोत व्यवस्थापन समूहहरुको शुसासन सुदृढीकरण | समुह | ९ | ९ सामुदायिक वन | • चन्दनपुर सामुदायिक वन उपभोक्ता समूह<br>• प्रगति सामुदायिक वन उपभोक्ता समूह<br>• समाज कल्याण महिला सामुदायिक वन उपभोक्ता समूह<br>• सिर्जना महिला सामुदायिक वन उपभोक्ता समूह<br>• कुलपानी सामुदायिक वन उपभोक्ता समूह<br>• सुर्य सामुदायिक वन उपभोक्ता समूह<br>• जनशक्ति सामुदायिक वन उपभोक्ता समूह<br>• उपल्लो मधपुर सामुदायिक वन उपभोक्ता समूह<br>• मनिकापुर बगाले विसौनि |
| ५.२ | प्राकृतिक स्रोत व्यवस्थापन समुहहरुको संस्थागत क्षमता पुन:आँकलन | समुह | ९ | ९ सामुदायिक वन | • चन्दनपुर सामुदायिक वन उपभोक्ता समूह<br>• प्रगति सामुदायिक वन उपभोक्ता समूह<br>• समाज कल्याण महिला सामुदायिक वन उपभोक्ता समूह<br>• सिर्जना महिला सामुदायिक वन उपभोक्ता समूह<br>• कुलपानी सामुदायिक वन उपभोक्ता समूह<br>• सुर्य सामुदायिक वन उपभोक्ता समूह<br>• जनशक्ति सामुदायिक वन उपभोक्ता समूह<br>• उपल्लो मधपुर सामुदायिक वन उपभोक्ता समूह<br>• मनिकापुर बगाले विसौनि |

माथि उल्लेखित क्रियाकलापहरुको विस्तृत विवरण निम्नानुसार रहेको छः

समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाई गठन तथा परिचालन-१६ सा.व.उ.सः

| क्र. सं. | समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाईको नाम | प्राकृतिक स्रोत संरक्षण समूह | वडा | हरियो वन कार्यक्रमको सहयोग |
|---|---|---|---|---|
| १ | बगाले विसौना | मनिकापुर बगाले विसौना सा.व.उ.स | ४ | गठन तथा परिचालन |
| २ | भवानी | भवानी सा.व.उ.स | ३ | गठन तथा परिचालन |
| ३ | चन्दनपुर | चन्दनपुर सा.व.उ.स | ३ | गठन तथा परिचालन |
| ४ | चिसपानी | चिसपानी सा.व.उ.स | ३ | गठन तथा परिचालन |
| ५ | गंगा | गंगा सा.व.उ.स | २ | गठन तथा परिचालन |
| ६ | कामना | कामना सा.व.उ.स | ६,७ | गठन तथा परिचालन |
| ७ | कुलपानी | कुलपानी सा.व.उ.स | १ | गठन तथा परिचालन |
| ८ | महिला शक्ति | महिला शक्ति सा.व.उ.स | ६ | गठन तथा परिचालन |
| ९ | मदपुर नशहावा | नशहावा सा.व.उ.स | ६,७ | गठन तथा परिचालन |
| १० | प्रगति | प्रगति सा.व.उ.स | ५ | गठन तथा परिचालन |
| ११ | रानीवास | रानीवास सा.व.उ.स | ५ | गठन तथा परिचालन |
| १२ | सालझुण्डी | सालझुण्डी सा.व.उ.स | ४ | गठन तथा परिचालन |
| १३ | सृजना | सृजना सा.व.उ.स | ६ | गठन तथा परिचालन |
| १४ | उपल्लो वनकट्टी | उपल्लो वनकट्टी सा.व.उ.स | ६ | गठन तथा परिचालन |
| १५ | चिउरिघाट | चिउरिघाट सा.व.उ.स | ५ | गठन तथा परिचालन |
| १६ | ज्योति | ज्योति सा.व.उ.स | ७ | गठन तथा परिचालन |

१० सा.व.उ.स, १ महिला समूह र १ विद्यालयका खुल्ला तथा हैसियत विग्रिएका क्षेत्रमा वृक्षारोपण-८१.४५ हे. साथै ५३ कि.मि तारबार निर्माण तथा मर्मत गरी नदितटीय तथा वनक्षेत्रको पुनर्स्थापना गरिएको:

| क्र. सं. | सामुदायिक वन उपभोक्ता समूह | प्रजाति | हे. क्षेत्रफल | बिरुवाको संख्या |
|---|---|---|---|---|
| १ | मनिकापुर बगाले विसौना सा.व.उ.स | सिरिष, अमला, जामुन, निम, अम्रिसो, बकाइनो, सिसौ | १९ | २५८२० |
| २ | चन्दनपुर सा.व.उ.स | बाँस, सिसौ, सिमल, बकाइनो, अम्रिसो, सिरिस | ७ | ३६५० |
| ३ | चिउरिघाट सा.व.उ.स | बाँस | १.५ | १५० |
| ४ | ज्योति सा.व.उ.स | बाँस, सिमल, अमला, जामुन, कोइरालो, खयर, सिरिष, बकाइनो, असोक, सिसौ | २१.६ | १६,३६५ |
| ५ | कुलपानी सा.व.उ.स | सिसौ, निम, बडहर, अमला, साल, हर्रो, मौवा, बाँस | २६.५ | २६,७७० |

| | | | | |
|---|---|---|---|---|
| ६ | गंगा सा.व.उ.स | बाँस, सिसौ, बकाइनो, बबुल, मसाला, गुलमोहर, अमला, खयर | ८ | ४७०० |
| ७ | महादेवा सा.व.उ.स | बाँस, सिमल, अमला, जामुन, कोइरालो, खयर | ५२ | २०,९०० |
| | जम्मा | | १३५.६ | ९८,३५५ |

२९५ घरधुरीमा बायोग्याँस निर्माणमा सहयोग:

| क. सं. | सामुदायिक वन उपभोक्ता समूह | बाँयो ग्याँस निर्माणमा सहयोग गरिएका घरधूरी |
|---|---|---|
| १ | महादेवा सा.व.उ.स | ६७ |
| २ | गंगा सा.व.उ.स | २ |
| ३ | सर्वोदय सा.व.उ.स | ६ |
| ४ | ज्योति सा.व.उ.स | ११९ |
| ५ | चन्दनपुर सा.व.उ.स | २३ |
| ६ | हरियाली सा.व.उ.स | २३ |
| ७ | मधपुर नसहवा सा.व.उ.स | ५ |
| ८ | प्रगति सा.व.उ.स | ११ |
| ९ | सालझुण्डी सा.व.उ.स | ११ |
| १० | उपल्लो मधपुर सा.व.उ.स | १३ |
| ११ | शान्ति सा.व.उ.स | १० |
| १२ | भवानी सा.व.उ.स | ५ |
| | **जम्मा** | **२९५** |

सुधारिएको चुलो निर्माण सहयोग:

| क. सं. | सामुदायिक वन उपभोक्ता समूह | सुधारिएको चुलो निर्माणमा सहयोग गरिएका घरधूरी |
|---|---|---|
| १ | महादेवा सा.व.उ.स | १३५ |
| २ | गंगा सा.व.उ.स | ९२ |
| ३ | सर्वोदय सा.व.उ.स | १६ |
| ४ | ज्योति सा.व.उ.स | १० |
| ५ | चिसापानी सा.व.उ.स | ३ |
| ६ | मधपुर नसहवा सा.व.उ.स | ३ |
| ७ | उपल्लो मधपुर सा.व.उ.स | १ |
| ८ | बागेश्वरी सा.व.उ.स | १ |
| | **जम्मा** | **२६१** |

कापा निर्माण र कार्यान्वयनमा सहयोग:

| क्र. सं. | कापाको नाम | घरधूरी | संकटासन्न घरधूरी | लाभान्वित घरघुरी |
| --- | --- | --- | --- | --- |
| १ | कापा, जनसेवा | १६२ | ४७ | १६२ |
| २ | कापा, जनशक्ति | ३७० | १५६ | १५६ |
| ३ | कापा, चिउरिघाट | १०३ | २८ | ११४ |
| ४ | कापा, गंगा | ३०२ | १०७ | २९८ |
| ५ | कापा, कुलपानी | ३९६ | ५७ | ३९६ |
| ६ | कापा, महादेवा | ५२६ | ३२४ | ३२४ |

साना उद्यम:

| क्र. सं. | प्राकृतिक स्रोत संरक्षण समूह | उद्यम | लाभान्वित घरधुरी संख्या |
| --- | --- | --- | --- |
| १ | कुलपानी नमुना सामुदायिक वन | माटोको भाँडा बनाउने | १० |
| २ | कुलपानी नमुना सामुदायिक वन | श–मिल | ६ |
| ३ | मधपुर नसहवा सा.व.उ.स | तरकारी खेती | २५ |
| ४ | सृजना महिला सा.व.उ.स | सालको टपरि बनाउने | २५ |

वनमा आश्रित व्यक्ति, विपन्न व्यक्तिहरुलाई सीपमूलक तालिम प्रदान: ३५ जना लाभान्वित:

| क्र. सं. | सामुदायिक वन उपभोक्ता समूह | सीप | संख्या |
| --- | --- | --- | --- |
| १ | कुलपानी नमुना सामुदायिक वन | सिकर्मी | १५ |
| २ | भवानी सा.व.उ.स | इलेक्ट्रिसियन | १ |
| ३ | मधपुर नसहवा सा.व.उ.स | तरकारी खेति | ३ |
| ४ | ज्योति सा.व.उ.स | इलेक्ट्रिसियन | ३ |
| ५ | ज्योति सा.व.उ.स | प्लम्बर | २ |
| ६ | सर्वोदय सा.व.उ.स | प्लम्बर | २ |
| ७ | मनिकापुर बगाले विसौना सा.व.उ.स | प्लम्बर | २ |
| ८ | कामना सा.व.उ.स | इलेक्ट्रिसियन | २ |
| ९ | चन्दनपुर सा.व.उ.स | इलेक्ट्रिसियन | २ |
| १० | उपल्लो मधपुर सा.व.उ.स | इलेक्ट्रिसियन | १ |
| ११ | मधपुर नसहवा सा.व.उ.स | इलेक्ट्रिसियन | १ |
| १२ | खबरि सा.व.उ.स | इलेक्ट्रिसियन | १ |

आयआर्जन घुम्तीकोषको विवरण: ८ जना लाभान्वित:

| क्र. सं. | सामुदायिक वन उपभोक्ता समूहको नाम | हरियो वन कार्यक्रमको सहयोग |
| --- | --- | --- |
| १ | ज्योति सा.व.उ.स | १०५,००० |
| २ | गंगा सा.व.उ.स | २०,००० |
| ३ | चन्दनपुर सा.व.उ.स | १०,००० |
|  | जम्मा | १३५,००० |

## प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुको शुसासन सुदृढीकरण:

| क्र. सं. | प्राकृतिक स्रोत व्यवस्थापन समूहको नाम | गढवा गाँउपालिका वडा नं |
|---|---|---|
| १ | चन्दनपुर सामुदायिक वन उपभोक्ता समूह | ७ |
| २ | प्रगति सामुदायिक वन उपभोक्ता समूह | ५ |
| ३ | समाज कल्याण महिला सामुदायिक वन उपभोक्ता समूह | ६ |
| ४ | सिर्जना महिला सामुदायिक वन उपभोक्ता समूह | ६ |
| ५ | कुलपानी सामुदायिक वन उपभोक्ता समूह | १ |
| ६ | सुर्य सामुदायिक वन उपभोक्ता समूह | १ |
| ७ | जनशक्ति सामुदायिक वन उपभोक्ता समूह | १ |
| ८ | उपल्लो मधपुर सामुदायिक वन उपभोक्ता समूह | ६ |
| ९ | मनिकापुर बगाले विसौनि | ६ |

## हरियो वन कार्यक्रम मार्फत सञ्चालन भएका क्रियाकलापहरुका केही प्रमुख उपलब्धिहरु

गाउँपालिकामा माटोको भाँडा बनाउने, श–मिल र सालको टपरि बनाउने उद्यम व्यवसायीकरण तथा प्रबर्धनमा सहयोग पुगेको छ। यस मार्फत रोजगारीका अवसरहरु सिर्जना भई जीविकोपार्जनमा सुधार आउनुका साथै खेर गइरहेका स्थानीय स्रोतहरुको सदुपयोग भएको छ। जलवायु परिवर्तन अनुकुलन  अन्तर्गत सामुदायिक जलवायु परिवर्तन अनुकुलन योजना निर्माण तथा कार्यान्वयनले स्थानीय स्तरमा उत्पन्न हुनसक्ने विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि सहयोग भएको छ। चोरी सिकार नियन्त्रण सञ्जाल निर्माण तथा परिचालनमा सहयोग पुग्नाले यस क्षेत्रमा चोरीसिकार नियन्त्रणमा ठूलो योगदान पुगेको छ। घुम्ति कोष परिचालन मार्फत दलित, जनजाति, विपन्न तथा सिमान्तकृत वर्गको कोष तथा पूँजीको पहुँचमा बृद्धि भई जीविकोपार्जन सुधारमा मद्दत पुगेको छ भने साना आयआर्जनका कार्यक्रम मार्फत उद्यम बिकासमा टेवा पुगेको छ। सामुदायिक वनहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा तथा कार्यान्वयन भएकाले स्थानीय समूहहरुमा सुशासन तथा समावेशीकरणका विषयहरुले प्राथमिकता पाएका छन्।

## कार्यक्रमका उपलब्धिहरु

- **जैविक विविधता संरक्षण तथा वजारमूखी जीविकोपार्जन**
    - ९८,३५५विभिन्न जातका विरुवा १३५.६ हे. ७ वटा सा.व.उ.स भित्रको नदि तटिय र खुल्ला तथा हैसियत विग्रेको क्षेत्रमा रोपण तथा व्यवस्थापनमा सहयोग गरी कम्दि जैविकमार्ग पुनरुत्थान गर्न सहयोग।
    - १६ वटा समुदायमा आधारित चोरी शिकार प्रतिरोध ईकाइहरु परिचालनवाट वन्यजन्तु तथा वासस्थान संरक्षणमा सहयोग। चोरीशिकार नियन्त्रण इकाईका युवाहरुले वन र वन्यजन्तुको चोरीशिकार तथा अवैध ओसारपसारलाई निरुत्साहित गर्ने, समुदायमा सचेतना फैलाउने, कानुन नियमन निकायलाई सहयोग गर्ने, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा वन डढेलो नियन्त्रणमा सहजीकरण गर्ने जस्ता कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्दै आएका छन्।
    - वन, वातावरण र जैविक विविधता संरक्षणमा पहरेदारको रुपमा भूमिका खेलेको।
    - चोरीशिकार र वन्यजन्तुको अवैध व्यापारमा कमी आएको।संवन्धीत कानुन कार्यान्वयन निकायमा सो सम्वन्धि जानकारी उपलब्ध गराएको।
    - वृक्षारोपण तथा मुल सरंक्षणबाट पानीको स्रोतमा सुधार।
    - बाँयो ग्याँस तथा सुधारिएको चुल्हो निर्माण तथा प्रयोग मार्फत् इन्धनको रुपमा हुने दाउरा खपतमा कमी आउनुका साथै कार्वन उत्सर्जनमा पनि ह्रास आएको। बायोग्याँसको निर्माणबाट पर्यावरण संरक्षणमा सहयोग पुग्नुका साथै लाभान्वित समुदायहरु ईन्धनका लागि वनमा आश्रित हुने क्रममा उल्लेख्य सुधार

आएको छ। यसबाट ती घरधूरीहरुमा स्वास्थ्यमा पर्ने प्रतिकुल असर र ईन्धनका लागि आर्थिक भारमा पनि कमी आएको छ।

- ३५ जना वनमा आश्रित व्यक्ति, विपन्न व्यक्तिहरुलाई सीपमूलक तालिम प्रदान जसबाट मासिक रु ४,००० देखि रु ३०,००० सम्म आम्दानी गर्न सफल। सीपमूलक तालिम सञ्चालन पश्चात उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका लागि न्यूनतम अवसर प्राप्त गर्नबाट समेत बञ्चित भएकाहरूलाई यस्तो शिक्षा र तालिमका अवसरहरू प्राप्त गर्न सहज र उपयुक्त वातावरण तयार भएको छ।
- बजारमा आधारीत बैकल्पीक जीविकोपार्जन विकास तथा प्रर्वद्धनका लागि आयमुलक क्रियाकलापहरुमा जोड्नका लागि उद्यम विकासका लागि सकंटासन्न बादि समुदायका विपन्न तथा अति विपन्न घरधुरीलाई आवश्यक प्राविधिक तालिम र सरसामग्री सहयोगले सो समुदाय आयमुलक कार्यसँग जोडिँदा जीवनस्तर सुधारमा सहयोग भएको पाईएको छ।
- स्थानीय स्तरका योजना छनौट तथा कार्यान्वयनमा वातावरण मैत्री योजनाहरुलाई प्राथमिकता दिइएको
- वनमा आश्रित समुदायहरूको लागि वैकल्पिक जीविकोपार्जनका उपायहरुले उनीहरूको आम्दानी बढाउन मद्दत पुर्‍याएका साथै दाउरा, ईन्धनका लागि काठ, वन्यजन्तु शिकार र व्यापारमा कमी ल्याउनुका साथै जैविक विविधता संरक्षणमा उनीहरूको सहभागितामा पनि बृद्धि ल्याएका छन्।
- गढवा गाँउपालिकामा - ७ नव किरण कृषि समुहका वनमा आश्रित २५ घरधूरीहरुले तरकारी खेती मार्फत रु। ७,००० देखी ४५०,०० सम्म  आम्दानी गरिरहेका छन्।
- श–मिल उद्यमबाट समुहको आम्दानी बढेको छ। आर्थिक वर्ष २०७६/७७ मा रु. १,१२,७५६ आम्दानी  गर्न सफल भएको छ। त्यस्तै माटोको भाँडा बनाउने उद्यमबाट गत बर्ष १० घरघुरिले रु. १९६,७८० आम्दानी गर्न सफल
- रु १३५,००० बीउ पूँजी वरावरको घुम्ति कोष ३ वटा सा.व.उ.सहरुमा परिचालन मार्फत दलित, जनजाति, विपन्न तथा सिमान्तकृत वर्गको पहुँचमा वृद्धिका साथै जिविकोपार्जनमा टेवा

- **जलवायू परिवर्तन अनुकुलन**
  - जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका कार्यहरु अन्तरसम्बन्धित बिषय भएकाले यि दुबै पक्ष समेत समेटी उत्थानशिल योजना तर्जूमा, मूलप्रबाहिकरण तथा प्रभावकारी कार्यान्वयन
  - जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी सचेतना बृद्धि तथा क्षमता बिकास
  - ६ वटा समुदाय स्तरका अनुकूलन योजना तयारी, मूलप्रबाहिकरण तथा कार्यान्वयन
  - समुदाय स्तरका अनुकूलन योजनाको कार्यान्वयनबाट
    - २ वटा संरक्षण पोखरी निर्माण
    - १० वटा स्थानमा तटबन्ध/नदि कटान नियन्त्रणका कामहरु सम्पन्न
    - त्यस्तै सफा खानेपानीको उपलब्धता, जोखिम भएका स्थानमा बृक्षरोपण तथा तारबार तथा चेतनामुलक कार्यक्रम सञ्चालन
- **लैंगिक समानता तथा सामाजिक समावेशीकरण**
  - महिलाहरुको सिप, ज्ञान, क्षमतामा र आत्मवलमा वृद्धि भएको
  - महिलाहरुद्वारा सालको टपरि उद्यम सञ्चालन तथा प्रर्वधन गरी आत्मनिर्भर भएको
  - प्राकृतिक स्रोत व्यवस्थापन समुहको कार्य समितिमा महिलाहरुको सहभागीतामा वृद्धि भई ५०% सदस्यहरु महिला छनौट भएका
- **प्राकृतिक श्रोत व्यवस्थापन समूहहरुको शुसासन सुदृढीकरण**
  - सुशासन सुदृढिकरणका कार्यक्रम मार्फत वन विकास मार्गदर्शन २०६५ ले प्रावधान गरेका कुराहरु लागु गर्न सफल

- प्राकृतिक स्रोत व्यवस्थापन समूहमा सुशासनका लागि बिभिन्न समयमा बिभिन्न औजार तथा बिधिहरुको अभ्यास गर्नुभन्दा समग्र सुशासनका लागि निश्चित सूचकहरु तयार गरी एकिकृत संस्थागत क्षमता बिकास प्याकेज सञ्चालन गर्दा प्रभावकारी भएको ।
- गढवा गाउँपालिका क्षेत्रभित्र रहेका ९ वटा सा.व.उ.स. मा क्षमता सुधारका लागि समयानुसारको कार्ययोजना बनाई लागु गर्दा समूहको आन्तरिक तथा बाह्य सुशासन अभिवृद्धी गर्न सहयोग पुगेको पाईएको छ। साथै उक्त समूहहरुको संस्थागत क्षमता पुनःआँकलन गर्दाखेरी उल्लेख्य रुपमा पहिलेभन्दा सुधार भएको र समूह अझ बढी सक्रिय भएको पाइएको छ ।

## सिकाई

हरियो वन कार्यक्रमले गढवा गाउँपालिकामा सञ्चालन गरेका कृयाकलापहरुको विस्तृत योजना, कार्यक्षेत्र, कार्यशैली आदिका बारेमा सरोकारवालाहरुलाई पारदर्शी ढंगले जानकारी दिई कृयाकलापहरुको सञ्चालनमा स्थानीय सरकार तथा बासिन्दाहरुको निकै प्रभावकारी सहयोग प्राप्त भएको छ । आगामी दिनहरुमा यस प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्दा पनि स्थानीय सरकार तथा बासिन्दाहरुलाई कार्यक्रमका हरेक चरणहरुमा संलग्न गराएर मात्रै अघि बढ्नु एकदमै महत्वपूर्ण पाटो देखिएको छ । यस्ता कार्यक्रम र कृयाकलापको खाका तयार गर्दा स्थानीय स्तरमै उपलब्ध श्रोत र साधनहरुको प्रयोग तथा सुधारमा जोड दिनु पर्ने देखिन्छ। अगाडी सञ्चालनमा ल्याएका कार्यक्रम तथा परियोजनाहरूले सरोकारवालाहरु वा लाभान्वित समूहलाई पारेका प्रभावहरूका बारेमा समीक्षात्मक विश्लेषण गर्नु महत्वपूर्ण हुन्छ । कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ताहरु बिच संयुक्त सहभागितात्मक छलफल गर्ने परिपाटीले सुधार गर्नुपर्ने कुराको पहिचान, सुधार योजना, कार्यन्वयन तथा उपलब्धि प्राप्त गर्न सहज हुने देखिएको छ। वाह्य श्रोतबाट प्राप्त हुने प्राविधिक तथा आर्थिक सहयोगका साथसाथै स्थानीय समुदायहरुले एक समुदायमा भएका राम्रा अभ्यास र सिकाईहरु अर्को समुदायलाई सिकाउने र सिक्ने गर्दा संलग्न सबै पक्षलाई फाइदा पुग्ने गर्दछ। बिकास निर्माणका कार्यक्रमहरु तय गर्दा दोहोरोपना हटाई सकेसम्म लक्षित वर्गहरुमा ती क्रियाकलापहरुले दिगो असर पार्ने गरी तय गरिनु पर्दछ।

**अन्य केही मुख्य सिकाईहरुः**

- बायोग्याँस जडान गरी सञ्चालनका लागि पर्याप्त रकम, जमीन र घरपालुवा पशु नभएको खण्डमा गाउँपालिकाले सोको व्यवस्थाका लागि कदम चाल्दा कार्यक्रम थप प्रभावकारी हुन्छ । त्यस्ता समुदायहरूलाई लक्षित गरी स्थानीय सरकारले सरोकारवालाहरुसँग मिलेर बायोग्याँस स्थापना गर्दा लागत कम लाग्दछ।
- सीपमुलक तालिमका प्रशिक्षार्थीहरुको छनोटमा स्थानीय तहले विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। तालिम अवधि कम्तीमा पनि एक महिनाको बनाउँदा प्रशिक्षार्थीहरुलाई सहजता महशुस हुने देखिन्छ । तालिमका साथसाथै उनीहरुलाई पेशागत प्रयोगमा आउने न्यूनतम सामाग्री पनि साथै उपलब्ध गराउँदा उनीहरुलाई आफ्नो व्यवसाय स्थापना तथा स्तरोन्नतीमा मद्दत पुग्ने देखिन्छ।
- चोरीशिकार नियन्त्रण इकाईका युवाहरु स्वयंसेवी रुपमा संलग्न हुने भएकोले युवाहरु परिवर्तन भइरहन्छन् । समुदायका सचेतकको रुपमा रहनु पर्ने हुनाले उनीहरुको नियमित रुपमा क्षमता विकास गरिरहनु पर्दछ र संरक्षण कार्यमा अद्यावधिक गरिरहनु पर्दछ। यसमा स्थानीय सरकारले नियमित सहयोग गर्नु पर्ने देखिन्छ।
- जलवायु परिवर्तनका असरहरुलाई सामना गर्न समुदाय र सामुदायिक संगठनहरु (जस्तै सावउस, सामुदायिक सिकाई तथा कार्य केन्द्र, कृषि समूह, सहकारी समूह, समुदाय स्तरका सघं संस्थाहरु, समुदायमा आधारित चोरी सिकारी नियन्त्रण समिति) को परिचालन उपयुक्त माध्यम हो। यसका लागि उनीहरुमा पर्याप्त ज्ञान, सिप तथा क्षमता विकास तथा अभिवृद्धि हुन आवश्यक छ।
- जलवायु परिवर्तनको असर मानव समुदायको तुलनामा वन तथा जैविक विविधतामा ढिलो देखिएता पनि अन्ततोगत्वा मानव समुदायमा यसको प्रभाव उल्लेख्य मात्रामा पर्दछ।

- हरियो वन कार्यक्रमद्वारा सञ्चालित लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रमले महिला सशक्तीकरणमा उल्लेख्य योगदान पुर्‍याएको छ । तर सामाजिक समावेशीकरण र लैङ्गिक हिंसा रोक्न अझै प्रभावकारी कार्यक्रमहरु लागु गर्न आवश्यक छ । (नेतृत्व विकास, पुरुष तथा निर्णायक वर्गको संलग्नता, जोडी तालिम आदि )
- स्रोत पर्याप्त भएका समूहहरुले सुशासन सुदृढीकरण र प्राकृतिक स्रोतबाट हुने लाभको न्यायोचित बाँडफाँडमा ध्यान पुर्‍याउन आवश्यक छ। (सुशासनका औजारहरुको प्रयोग, सामुदायिक वन विकास मार्गदर्शन, न्यायोचित वितरण आदि)
- बजारमुखी जीविकोपार्जन सुधारका कार्यक्रमहरुलाई स्थानीय स्तरको योजना तर्जुमा प्रक्रियामा मूलधारमा ल्याई यी उद्यमहरुको प्रबर्धन गर्नका लागि निश्चित बजेट विनियोजन गरेमा आगामी दिनहरुमा यहाँका बासिन्दाहरुको जीवनस्तर उकास्न सकिन्छ ।
- गढवा गाउँपालिका र अन्य सरोकारवाला निकायहरुसँगको नियमित बैठक तथा गोष्ठी कार्यक्रमहरुले संयुक्त क्रियाकलाप कार्यान्वयन गर्नमा सहयोग पुर्‍याउँदा कार्यक्रम अझ बढी प्रभावकारी, एकीकृत, लक्षित वर्गमुखी भएको छ । यसरी हरियो वन कार्यक्रम मार्फत साझेदारीमा भएका क्रियाकलापहरुको दिगोपनाका लागि गाउँपालिकाको अपनत्व विकास भएको छ ।

## समुदायमा कार्यक्रमको दिगोपना

हरियो वन कार्यक्रमले सञ्चालन गरेका क्रियाकलापहरु स्थानीय स्तरमैं माग भई आएका तथा टड्कारो रुपमा सामाजिक तथा पर्यावरणीय बिकासमा वाधा पुर्‍याउने समस्याका समाधानका कार्यक्रमहरु भएकाले आगामी दिनहरुमा पनि यी कार्यक्रमहरुले निरन्तरता पाउन एकदमै जरुरी भएको महसुस भएको छ। आवधिक योजनाहरूमा लक्षित सामाजिक वृद्धि हासिल गर्न स्रोत तथा साधनमा समान पहुँच, रोजगारीका अवसरहरूको सिर्जना, पर्यावरण संरक्षण, सुशासनको अभिवृद्धिजस्ता संरचनागत आवश्यकताहरुलाई यी कार्यक्रमहरुको निरन्तरताले उचित रूपमा सम्बोधन गर्ने भएकाले गढवा गाउँपालिकाले हरियो वन कार्यक्रमद्वारा सञ्चालन गरिएका क्रियाकलापहरुलाई थप परिष्कृत गर्दै अघि बढाउन जरुरी हुन्छ। यसका लागि गढवा गाउँपालिकाले स्थानीय स्रोत, साधन, सीप, ज्ञान र दक्षताको दिगो सदुपयोग हुने गरी यी कार्यक्रमहरुलाई आफ्नो वार्षिक कार्ययोजनामा समावेश गराई अघि बढाउनु पर्छ जसले गर्दा विकासको मूलधारमा ल्याउन बाँकी रहेका जाति, वर्ग, लिङ्ग, क्षेत्र तथा अल्पसंख्यक, सीमान्तकृत, बञ्चित आदि सबै समुदायको सामाजिक अवसरको पहुँच विस्तारमा सहयोग पुर्‍याउने छन् । जीवनस्तरमा हुने गुणात्मक सुधारले मात्र स्थानीय बासिन्दालाई प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने र अन्ततोगत्वा पर्यावरण संरक्षण र जीवनस्तर सुधार गर्ने हुनाले हरियो वन कार्यक्रम मार्फत हाल सञ्चालन भइरहेका कार्यक्रमहरुलाई निरन्तरता दिनु जरुरी हुन्छ ।

समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाईलाई सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको उपसमितिको रुपमा कार्यविधि अनुमोदन गरी संस्थागत गर्नु पर्दछ र सो कार्यमा गढवा गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्दछ। वहुवर्षिय बालीहरुलाई ब्लकस्तरमा उत्पादन गर्न प्रोत्साहन गरी यस गाउँपालिकाको चुरेक्षेत्रमा भू-क्षय कम गर्ने काममा स्थानीय तह, कृषक, नीजि क्षेत्र लगायत सबै सरोकारवालाहरुको सहकार्य जरूरी हुन्छ । यी सबै सरोकारवालाहरुको सहकार्य स्थानीय उत्पादनको बजारीकरणमा पनि जरूरी हुन्छ। स्थानीय सरकारले असल अभ्यासको अनुसरण गरी आफ्ना वार्षिक नीति तथा कार्यक्रमका मूलप्रवाहीकरण गर्नु पर्दछ। जलाधार क्षेत्रमा संस्थागत संरचनाको स्थापना तथा बिकासका लागि पनि स्थानीय सरकारले पहल गर्दा थप प्रभावकारी हुन्छ। वातावरणमैत्री भौतिक पुर्वाधार बिकासका लागि पनि सम्बन्धित समुदाय र सरोकारवाला निकाय, संस्थासँगको सम्बन्ध स्थापित गर्न गढवा गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्दा हरियो वन कार्यक्रमको अन्त्य पछि पनि यी सफल कार्यक्रमहरुले दिगोपना पाउने देखिन्छ ।

दुना टपरी बनाउने, माटोको भाँडा बनाउने, तरकारी खेती जस्ता उद्यमका नविनतम अभ्यासहरुको अनुकरण गरी स्थानीय सरकार र स्थानीय समुदायले वढोत्तरी गर्नु पर्ने हुन्छ। यी सबै सरोकारवालाहरुको सहकार्य स्थानीय उत्पादनको बजारीकरणमा पनि जरूरी हुन्छ। समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाईलाई सम्बन्धित सामुदायिक वन उपभोक्ताको उपसमितिको रुपमा कार्यविधि अनुमोदन गरी संस्थागत गर्नु पदर्छ र सो कार्यमा गढवा गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्दछ। स्थानीय सरकारले कार्यक्रमका असल अभ्यासको अनुसरण गरी आफ्ना वार्षिक नीति तथा कार्यक्रमका मूलप्रवाहीकरण गर्नु पर्दछ। वातावरणमैत्री भौतिक पुर्वाधार बिकासका लागि पनि सम्बन्धित समुदाय र सरोकारवाला निकाय, संस्थासँगको सम्बन्ध स्थापित गर्न गढवा गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्दा हरियो वन कार्यक्रमको अन्त्य पछि पनि यी सफल कार्यक्रमहरुले दिगोपना पाउने देखिन्छ।

हरियो वन कार्यक्रमको समयावधी समाप्त हुनु अघि हाल सञ्चालनमा रहेका क्रियाकलापहरु र आशातीत उपलब्धिहरु हासिल हुने गरी सम्पन्न गरिनेछ। सफल देखिएका क्रियाकलापहरुलाई बिस्तार गर्नका लागि आवश्यक प्राविधिक सहयोग निरन्तर प्रदान गरिनेछ। ती क्रियाकलापहरुलाई राष्ट्रिय योजना तथा अन्य आयोजनाहरु साथै सरोकारवालाहरु र हरियो वन कार्यक्रमका साझेदार संस्थाहरुसँग सहकार्य तथा साझेदारीका लागि प्रयासहरु गरिनेछ। साथै बाँकी समयावधीमा यी कार्यक्रमहरु कार्यान्वयनका दौरान प्राप्त सिकाई तथा उपलब्धिहरुको अभिलेखिकरण पनि गरिनेछ।

**हरियो वन कार्यक्रम**

**डिस्क्लेमरः** यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो। यस सामाग्री भित्रका विषयवस्तु र सामाग्री डब्लुडब्लुएफ नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन।